## मिति २०७७।१२।२२ गते बसेको ७६औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

यस परिवर्तन गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि २०७७ गहन छलफलको साथ गाउँपालिका भित्र रहेका वालविकास केन्द्र,आधारभुत विद्यालय र मा.वि.विद्यालयहरुको शिक्षक कर्मचारी अनुदान तथा व्यवस्थापनको लागि **शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस परिवर्तन गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा ८ को राहत तथा उद्धार सम्वन्धि व्यवस्था खारेज गर्ने निर्णय गरियो ।

**निर्णय नं ३.**

गाउँपालिकामा विपद तथा विपतजन्य घटनामा जोखिममा परेका वर्गलाई तत्कालिक राहत तथा आर्थिक सहयता प्रदानलाई ब्यवस्थित एबं प्रभाावकारी बनाउनका लागी **आर्थिक सहायता तथा व्यवस्थापन कोष २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

परिवर्तन गाउँपालिका अन्तरगतका वडाहरुमा टोल विकास संस्था गठन परिचालन तथा व्यवस्थापन संचालन गर्नका लागी **टोल विकास संस्था ( गठन तथा परिचालन ) कार्यविधि २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस परिवर्तन गाउँपालिकामा सहकारीको माध्यमवाट उत्पादक र उपभोक्ता विचमा सम्वन्ध सुदृढ गर्न सहकारी गठन, संचालन तथा ब्यवस्थापनलाई प्रभावकारी बनाउन **सहकारी संस्था दर्ता निर्देशिका - २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस परिवर्तन गाउँपालिकाको विषयगत समिति अन्तरगत विधेयक समितिलाई देहाय वमोजिम पुर्णता दिने निर्णय गरियो ।

१.श्री दल बहादुर बुढामगर-४ नं. वडाअध्यक्ष- संयोजक

२.श्री चुडालाल वली -४ नं. वडासदस्य-सदस्य

३.श्री लोक वहादुर डाँगी-२ नं.वडासदस्य-सदस्य

४.श्री फर्मिला महर-४नं.वडासदस्य-सदस्य

**निर्णय नं.७**

यस परिवर्तन गाउँपालिकामा चालु आ.व मा शैक्षिक सुधारको लागि शिक्षण सिकाई अनुदान रकममा आधारमा सिक्षण सिकाई अनुदान वितरण कार्यविधी २०७७ बमोजिम निर्धारित आधार तथा

मापदण्ड पुरा गरेका तपसिल वमोजिमको विद्यालयमा अनुदान कोटा वितरण गर्ने सम्बन्धी शिक्षा समितिको मिति २०७७।१२।२० गतेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | विद्यालयको नाम | अंग्रेजी विषय कोटा संख्या | विज्ञान विषय कोटा संख्या | गणित विषय कोटा संख्या | जम्मा कोटा संख्या |
|---|---|---|---|---|---|
| १. | श्री वालशिक्षा मा.वि. थुनिकोट | १ | १ | ० | २ |
| २. | श्री जनज्योति मा.वि.आरखोला राक्सेवाङ | १ | ० | १ | २ |
| ३. | श्री जनकल्याण मा.वि.धानावारा | ० | १ | १ | २ |
| ४. | नेपाल राष्ट्रिय नमुना मा.वि.मौलावोट | १ | १ | ० | २ |
| | जम्मा | | | | ८ |

**निर्णय नं. ८**

यस परिवर्तन गाउँपालिका अन्तरगत मानिसहरुलाई आवतजावत गर्न असहज हुने खोलाहरुमा झो.पु.निर्माण गर्नको लागी स्थानीय पुर्वाधार विभागमा माग गर्ने गरी देहाय वमोजिमका झो.पु. निर्माण योजनाहरु सिफारिस गर्ने निर्णय गरियो ।

| क.स. | झोलुङगे पुलको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कुरेली खोला दोभान झो.पु. | परिवर्तन -१ रोल्पा | |
| २ | दुमैखोला झो.पु. | परिवर्तन -४ रोल्पा | |
| ३ | झारमा खोला झो.पु. | परिवर्तन -२ रोल्पा | |
| ४ | इन्द्रवाङखोला झो.पु. | परिवर्तन -१ रोल्पा | |
| ५ | तीनखोला झो.पु. | परिवर्तन -१ रोल्पा | |
| ६ | सिरचौर देउभान झो.पु. | परिवर्तन -३ रोल्पा | |
| ७ | खेवाङखोला झो.पु. | परिवर्तन -२ रोल्पा | |
| ८ | घमेरी खोला झो.पु. | परिवर्तन -२ रोल्पा | |
| ९ | आग्रखोला झो.पु. | परिवर्तन -४ रोल्पा | |
| १० | गौराखोला झो.पु. | परिवर्तन -४ रोल्पा | |
| ११ | कुरेलीखोला ट्रस पुल निमांण | परिवर्तन -१ रोल्पा | |
| १२ | ठुलो खोला रके झो.पु. | परिवर्तन -२ रोल्पा | |
| १३ | उपावाङ खोला झो.पु. | परिवर्तन -१ रोल्पा | |

**निर्णय नं.९**

लुम्विनी प्रदेशको शशर्त कार्यक्रम अन्तरगत पालिका कोसेली घर निर्माणको लागि परिवर्तन गाउँपालिकामा चालु आ.वमा रु १० लाख बजेट विनियोजन भई आएकोले उक्त कोशेली घर निर्माणका लागी वडानं. ५ ग्राह्मजिमलाई स्थान छनौट गर्ने निर्णय गरियो ।